# चुरे गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा निर्माण सम्पन्न योजनाहरुको सामाजिक परिक्षण कार्यक्रमको सम्पन्न प्रतिबेदन

प्रतिबेदन पेश गर्नु पर्ने निकाय

चुरे गाउँपालिकाको कार्यालय

घरखेडा,कैलाली

सुदुरपश्चिम प्रदेश

**प्रतिबेदन तयार गर्ने**

सक्सेस म्यानेजमेन्ट एण्ड रिसर्च टीम

(SMART)प्रा.लि.

धनगढ़ी -३, कैलाली

# विषय-सुची


१. कार्यक्रमको पृष्ठभूमि........................................................2
२. सामाजिक परिक्षणको महत्व........................................................3
३. सामाजिक परिक्षणका उद्धेश्य........................................................3
४. सामाजिक परिक्षणले समेटिएका क्षेत्रहरु........................................................4
५. सामाजिक परिक्षणका बिधि तथा औजारहरु........................................................4
६. सामाजिक परिक्षण बिधीबाट देखिएको अवस्था........................................................0
  १. ठेक्का मार्फत निर्माण गरीएका योजनाहरु........................................................0
  २. उपभोक्ता समिति मार्फत निर्माण गरीएका योजनाहरु........................................................0
  १.१ मुख्य सूचक (आर्थिकक्षेत्र )........................................................0
७. सुधार गर्नु पर्ने पक्षहरु........................................................1
८. निष्कर्ष........................................................1
९. अनुसुचीहरु........................................................1
  १. कम्पनीको परिचय........................................................1
  २. योजनाको स्थलगत अनुगमन प्रतिबेदनको सारांश........................................................3
  ३. सहभागीको उपस्थिति विवरण........................................................4
  ४. कार्यक्रमसंग सम्बन्धित फोटोहरु........................................................5

## 1. कार्यक्रमको पृष्ठभूमि

स्थानिय निकाय नियमावली २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरुप गाउँपालिकाको एक आर्थिक वर्षमा गाउँपालिकाकै समग्र सामाजिक उत्तरदायित्व परिक्षण गर्नु यस सामाजिक परिक्षणको उद्देश्य हो । सामाजिक परिक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन नियमले तोकेको सामजिक जिम्मेवारी त्यस अनुसार संचालित कार्यक्रम योजनाले ल्याएको सामाजिक उपलव्धि र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्र विन्दुमा रहेका छन् ।

सामाजिक बिकास निर्माणको क्षेत्रमा काम गर्ने संस्थाहरु सरोकारवालाहरु प्रति जवाफदेही र पारदर्शी हुनु पर्दछ भन्ने माग बढ्दै गएकोछ । यसै कुरालाई ध्यानमा राखि बिकास आयोजनाहरु सही तरिकाबाट कार्यन्वयन भईरहेका छन् वा छैनन् भनेर अनुगमन गर्ने भरपर्दो बिधि सार्वजनिक लेखापरिक्षण (Social Audit) हो । बिकासे संस्थाहरुले सन् १९९० पछि यसलाई उपयोग गर्दै आएका छन् । यसले योजना तर्जुमा, कार्यान्वयन, बजेट बांडफांड लगाएतका बिषयमा छलफल गर्ने उचित अबसर दिन्छ । यो सामाजिक रुपमा लेखाजोखा गर्ने कार्यक्रम हो ।

सामाजिक बिकासको क्षेत्रमा काम गर्ने सरकारी निकाय तथा गैर सरकारी निकायले सामाजिक लेखा परिक्षण गर्नु पर्ने प्राबधान भएता पनि कार्यन्वयन हुन सकिरहेको छैन । सार्बजनिक दायित्व निर्बाह गर्नु पर्ने व्यक्ति वा निकायले काम गर्दा अपनाउने प्रकृया, कार्यक्रमको श्रोत परिचालनको नियमितता, कामको प्रभावकारिता, सान्दर्भिकता तथा कार्यदक्षताका बारेमा सरोकारवाला समक्ष पारदर्शी र जवाफदेही ढंगबाट प्रस्तुत हुने कार्य सामाजिक लेखा परिक्षण हो । सेवाप्रदायक र सरोकारवाला एउटै थलोमा बसेर लेखाजोखा, समिक्षा तथा बिश्लेषण गर्नु सामाजिक लेखा परिक्षण हो ।स्थानीय निकाय सामाजिक परिक्षण कार्यबिधी २०६७ अनुरुप स्थानीय तहको सामाजिक जिम्मवारी र कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रिया पनि सामाजिक परिक्षण हो । सामाजिक परीक्षण बाट सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । यस कारण स्थानीय तहहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सो आर्थिक वर्षको सामाजिक परीक्षण हो । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । स्थानीय तहबाट भएका कामहरूले हासिल गरेका सामाजिक उपलब्धिको विश्लेषणबाट कार्य सम्पादन, अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो

सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई टेवा पग्ने गर्दछ र भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् । स्थानीय तह (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ मा स्थानीय तहहरूले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र समाजिक परीक्षण गरी सक्नु पर्ने प्रावधान छ । यसैअनुसार सामाजिक परीक्षण कार्यविधि, २०६७ को अधिनमा रही चुरे गाउँपालिका कैलालीले निर्माण सम्पन्न गरेका ९ वटा योजनाहरुको सामाजिक परीक्षण गरी यो प्रगति तथा आर्थिक प्रतिबेदन तयार गरिएको छ ।

## 2. सामाजिक परिक्षणको महत्व

सार्वजनिक सरोकार रहने एवं जनहीतको लागि काम गर्ने हरेक निकायले सार्वजनिक लेखा परीक्षण अनिवार्य गर्नु पर्छ । यसको प्रयोग कानुनी रुपमा अनिबार्य त छँदैछ । कानुनी ब्यवस्था सँगै यसको महत्व पनि उत्तिकै छ । यसले पारदर्शिता बढाउछ । सेवाप्रदायकलाई सेवाग्राही प्रति थप जिम्मेवार र उत्तरदायित्व बहन गर्न दबाब सिर्जना गर्दछ । साथै, प्राप्त स्रोतको उचित सदुपयोग, भष्ट्राचारको न्यूनीकरण गर्न पनि सघाउ पुर्याउछ । जनतालाई सरकारी निकायको काम र जिम्मेवारीमा प्रश्न गर्न सक्ने वातावरण सिर्जना गर्दछ । साथसाथै आफ्नो वरपर हुने र सञ्चालन गरिने योजनाको कामको अनुगमन गर्न, निगरानी राख्न, खोजी गर्न, स्रोतको सदुपयोग भयो वा भएन भन्ने जिज्ञासा र चासो राख्न पनि जनतालाई सुसूचित गर्छ । यसैले सामाजिक लेखा परीक्षण एक महत्वपूर्ण कार्य हो ।

**सामाजिक परिक्षण किन ?**

निम्न कारणले सामाजिक परिक्षण गरिन्छ :

१. सामाजिक परिक्षण मूलत सामाजिक कार्यको परिक्षण

२. सामाजिक कार्यमा गरिएको खर्चअनुसारको प्रगतिको विश्लेषण

३. सम्पादन गरेको कार्यक्रम र कार्यक्रमबाट भएको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखा

४. सरोकारवालासँगको समन्वय र स्वच्छता जाँच्ने आधार

## 3. सामाजिक परिक्षणका उद्देश्य

क. समाजको बिकासका निमित्त तथा प्राणीहरुको सुबीधाका निमित्त निर्माण गरीएका सामाजीक योजनाहरु,कार्यहरु,र संगठनहरुको स्थितीको मापन गरी सकारात्मक दिशातिर लाग्न मार्ग निर्देश गर्ने ।

ख. सम्बन्धित सबैको धारणामा एक रुपता ल्याई आफु प्रति हेर्ने दृष्टिकोणलाई सकारात्मक बनाउने ।

ग. आफुसंग भएका कमीकमजोरीका वारेमा छलफल गरी सबैको सुझावको आधारमा अगाडी बढ्नमा सहजता ल्याउने ।

घ. सामाजिक परीक्षण बाट सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा सुधार गर्न सकिने ।

ङ. स्थानीय तहबाट भएका कामहरूले हासिल गरेका सामाजिक उपलब्धिको विश्लेषणबाट कार्य सम्पादन गर्ने ।

## 4. सामाजिक परिक्षणले समेटिएका क्षेत्रहरु

क. संस्थागत बिकास

ख. कामको गुणस्तर

ग. सहभागिता

घ. आर्थिक पारदर्शिता

चुरे गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१मा निर्माण सम्पन्न गरेका भौतिक संरचनाका योजनाहरुमा संचालन गरेको सामाजिक परिक्षणमा माथि उल्लेखित क्षेत्रहरुको सिमा भित्र रही परिक्षण गरीएको छ ।

## 5. सामाजिक परिक्षणका बिधि तथा औजारहरु

क. **दस्तावेज समिक्षा :** उपभोक्ता समितिका पदाधिकारीहरु, उपभोक्ताहरु र सरोकारवाला निकायको सामुहिक सहभागितामा उपाभोक्ता समितिसंग भएका निर्नायात्मक दस्तावेजहरुको वारेमा समिक्षा गर्ने कार्य सम्पन्न गरियो ।

ख. **आम्दानी खर्चको लेखाजोखा :** उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरीएका योजनाको हकमा समितिले राखेको आर्थिक कारोवारको लेखाका दस्तावेजको समिक्षा गरी योजनामा भएको कुल लागतमा आम्दानी कति र खर्च कति भन्ने प्रश्नको उत्तर आउने गरी आर्थिक परिक्षण तयार गरीयो ।

ग. **सार्वजनिक तथा अनुमोदन :**सामाजिक परिक्षणमा उपस्थित उपभोता समिति, सरोकारवाला निकाय, जनप्रतिनिधी र कार्यक्रमलाई सहजीकरण गर्ने निकायको प्रतिनिधीको संयुक्त रोहबरमा तयार गरीएका आम्दानी खर्चको विवरण र सुझाव सहितको निर्णयलाई भेलामा सार्वजिका गरी अनुमोदन गर्ने कार्य सम्पन्न गरीयो ।

## 6. सामाजिक परिक्षण बिधीबाट देखिएको अवस्था

### 1. ठेक्का मार्फत निर्माण गरीएका योजनाहरु


| क्र.स. | योजनाको नाम | ठेगाना | अनुमानित लागत | ठेक्का स्वीकृत रकम | वास्तविक खर्च | कामको गुणस्तर |
|---|---|---|---|---|---|---|
| १ | भानु मा.बि. छात्रावास निर्माण योजना | चूरे गा.पा.-३चित्रपुर | 10128213.46 | ६५१६२७०.०४ | ६५१५६४५.७४ | राम्रो |
| २ | देउराली मौरी चौमाला सडक निर्माण योजना | चुरे-५,देउराली | ९९९२०८९.४३ | ३७२३५२०.७६ | ३६०९८६७.७७ | सन्तोषजनक |
| जम्मा | | | २०१२०३०२.८९ | १०२३९७९०.८० | १०१२५५१३.५१ | |


### 2. उपभोक्ता समिति मार्फत निर्माण गरीएका योजनाहरु

| क्र.स. | योजनाको नाम | ठेगाना | लागत अनुमान | वास्तविक खर्च | कामको गुणस्तर |
|---|---|---|---|---|---|
| १ | समैजी मन्दिर निर्माण योजना | चूरे गा.पा.-१,चटकपुर | ११०५४६.६५ | ९६१४६.३९ | राम्रो |
| २ | थली अधुरो नहर निर्माण योजना | चुरे-३ थली | २९५४९१.९८ | २४२५००.०० | सन्तोषजनक |
| ३ | वडाकार्यालय बगैचा तथा ट्रस निर्माण योजना | चुरे गा.पा.-६,धनेडी | ३२७१२६.१५ | २९१०००.०० | सन्तोषजनक |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | जनता मा.बि. मन्दिर निर्माण योजना | चुरे गा.पा.-६,शान्तिनगर | २४१४८४.७६ | १९४000.00 | सन्तोषजनक |
| ५ | भगवती मा.बि. भावना छाना मर्मत योजना | चुरे गा.पा.-६,कोट | ३५५९८३.९१ | २९१000.00 | लागत स्टमेट भन्दा बाहिर |
| ६ | जगाती गाउँघर क्लिनिक निर्माण योजना | चुरे गा.पा.-१ निगाली | २४६६८४.७१ | १९०५३४.४८ | |
| ७ | मोहन्याल मा.बि. खेल मैदान निर्माण | चुरे गा.पा.-१ निगाली | ५७३५२३.२४ | ४८४८५१.८१ | |
| | | जम्मा | २१,५०,८४१.४ | १७,९०,०३२.६८ | |

## १.१ मुख्य सूचक हरु ( आर्थिक क्षेत्र)






## 7. सुधार गर्नु पर्ने पक्षहरु

चुरे गाउँपालिकाको सहयोग र सक्सेस म्यानेजमेन्ट एण्ड रिसर्च टीम (SMART)प्रा.लि.को सहजीकरणमा संचालन गरीएको आर्थिक वर्ष २०८०/०८१ मा निर्माण सम्पन्न भएका भौतिक संरचनाका योजनाहरुमा गरिएको नौ वटा योजनाको सामाजिक परिक्षणमा आधारित भई निम्न बमोजिमका सुधार गर्नुपर्ने पक्षहरु रहेकोछ :

1. योजनाको निर्माण कार्यमा सम्बन्धित क्षेत्रको प्राबिधिकको उपस्थिति एवं सल्लाहमा केन्द्रित नभई कार्य गरेको देखिन आउदा लागत स्टमेट भन्दा फरक परेकोले प्राविधिकको प्रत्येक्ष संलग्नतामा काम गर्दा प्रभावकारी हुने देखिन्छ,
2. स्थानीय तहसंग प्रयाप्त मात्रामा वजेट विनियोजन गर्न नसकिदा साना प्रकृतिका योजनालाई पनि क्रमागतमा राख्नु पर्ने परिस्थितिले पछिल्लो वजेटको काम शुरु गर्दा सम्म अघिल्लो आ.व.को गरेको काम बिग्रिसकेको देखिदा वजेट विनियोजनमा ध्यान दिनुपर्ने देखिन्छ,
3. योजनाको निर्माण कार्य ठेक्का मार्फत गरिदा स्थानीय कामदारहरु ज्याला पाउन बाट बंचित हुनुपर्ने समस्या देखिन आएकोले गाउँपालिकाले स्थानीय कामदारको ज्याला भुक्तानीको सुनिश्चितता गरी भुक्तानी प्रक्रिया अगाडी बढाउन उपयुक्त देखिन्छ,
4. उपभोक्ता समितिबाट योजना संचालन गर्दा आर्थिक वर्षको अन्तिममा मात्र सम्झौता भाइ कार्यसम्पन्नामा कठिनाई देखिएकोले बैसाख मसान्त भित्र योजना सम्पन्न गर्दा प्रभावकारी हुने देखिन्छ,
5. उपभोक्ता समिति/संघ संस्थाबाट योजना संचालन एवं सम्पन्न गर्दाको अवस्थामा खर्च भएका वील भरपाई सहभागिताको उपस्थिति कुनै पनि प्रमाणीक दस्तावेज उपभोक्ता समितिमा नभेटिएकोले

सम्बन्धित उपभोक्ता समितिले गाउँ पालिकामा बुझाएकोमा एक प्रति वील भरपाई तथा उपस्थिति योजना सम्पन्न भएको दुई वर्ष सम्म सम्बन्धित सेवाग्राही संस्थाले ब्यबस्थापन गरी सुरक्षित राख्न गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ,

## 8. निष्कर्ष

चुरे गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार अघिल्लो आर्थिक वर्षमा निर्माण सम्पन्न भौतिक संरचनाका योजनाहरु मध्ये ९ वटा योजनाको सामाजिक परिक्षण कार्य सम्पन्न गर्ने जिम्मेवारी सक्सेस म्यानेजमेन्ट एण्ड रिसर्च टीम (SAMRT) प्रा.लि.संग भएको सम्झौता अनुसार यो कार्य संचालनका लागी अवसर प्राप्त गरेको हो । यो कार्यक्रम सफल पार्नमा शुरु देखी अन्त सम्म आ-आफ्नो तर्फबाट महत्वपुर्ण सहयोग गर्ने उपभोक्ता समिति, उपभोक्ता सरोकारवाला निकाय गाउँपालिका परामर्श दाता सम्पूर्णलाई धन्यबादका साथै समग्रमा यो कार्यक्रम उपलब्धिमुलक बन्नेछ र कार्यक्रमले प्रत्येक वर्ष निरन्तरता पाउने छ भन्ने कामना गरिन्छ ।

## 9. अनुसुचीहरु

### 1. कम्पनीको परिचय

| | |
|---|---|
| कम्पनी ऐन २०६३ को दफा ५ उपदफा (१) बमोजिम २०७४/१०/२५ गतेका दिन कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता भई बिकास निर्माण सम्वन्धि बिभिन्न स्थानीय तह एवं निकाय सित सहकार्य गरी र प्रचलित कानु एवं नीयमावलीको मातहतमा रही कार्य संचालन गर्ने उद्देश्यका साथ प्राईभेट फर्म रजिष्टेशन नीयमावली २०३४ को पूर्ण पालना गर्ने गरी एकल कम्पनीको रुपमा स्थापना भएको नाफामुलक फर्म हो । | |
| संस्थाको नामः | सक्सेस म्यानेजमेन्ट एण्ड रिसर्च टीम (SAMART) प्रा.लि. |
| केन्द्रिय कार्यालयः | धनगढ़ी -३,कैलाली |
| सम्पर्क व्यक्तिः | नामः गणेश दत्त जोशी पदः कार्यक्रम प्रबन्धक |
| सम्पर्क नं | ९८४८८४३१६२ |
| दर्ता नं./मितिः | १८३५५२/०७४/०७५ |
| दर्ता भएको कार्यालयः | नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय |
| संचालक समितिः जम्माः | दलित : ०,जनजातीः ०, अन्य : ३, महिलाः ०,पूरुषः ३, जम्मा -३ जना |
| कार्यक्षेत्रः | नेपाल अधिराज्य भरी |
| संस्थाको किसमः | प्राईभेट कम्पनी (परामर्श दाता) |
| पान/भ्याटनंः | ६०६७८४०१६ |

| | |
|---|---|
| ब्यबसाय दर्ता प्रमाण पत्र नं :<br>मिति : | ०३-१४०/०३-०८-०३४६<br>२०७६/०८/२० |

- **कम्पनीको लक्ष्यः**
  - आत्म निर्भर सामाज निर्माण गर्दै सामाजिक समानता र समन्वय स्थापना गर्ने ।
  - सामजमा उत्तरदायित्व बोध गराई समुन्नत समाजको सिर्जना गर्ने ।
- **कम्पनीका उद्देश्यहरु**
  - सिपमुलक,आयमुलक तालिम भाषा प्रशिक्षण तथा कम्प्युटर कक्षा संचालन गरी रोजगारी सिर्जना गर्न सहयोग गर्ने ।
  - विभिन्न बिषयमा खोज अध्ययन अनुसंधानात्मक कार्य तथा तालिम गोष्ठी संचालन गर्ने ।
  - विभिन्न संघ संस्था स्वदेशी तथा बिदेशी दात्री निकायहरुसंग सम्झौता गरी बिकास निर्माण तथा सामाजिक बिकासका क्षेत्रमा परामर्श तथा नीति निर्माणमा सहयोग गर्ने ।
  - सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सामाजिक/लैंगिक परिक्षण योजनाहरुको प्रारम्भिक वातावरणीय अध्ययन, वातावरणीय प्रभाव मुल्यांकन तथा लागत विश्लेषण गर्ने ।
  - वन वातावरण जैविक बिबिधता तथा जलवायु परिवर्तन सम्बन्धी तालिम गोष्ठी सेमिनार संचालन एवं अध्ययन अनुसन्धान गर्ने ।
  - स्वदेशी तथा बिदेशी दात्री निकायहरु संग सम्झौता गरी सामाजिक, आर्थिक,शैक्षिक, प्राबिधिक पक्षहरुमा अध्ययन अनुसन्धान गरी प्रतिबेदन तयारी तथा प्रकासन गर्ने ।
  - प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद संग अनुमति तथा ईजाजत लिई प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिमहरु संचालन गर्ने ।
- **कम्पनीले हालसम्म गरेका कार्यहरुः**

सक्सेस म्यानेजमेन्ट एण्ड रिसर्च प्रा.लि.ले स्थापना कालदेखी अहिले सम्म सामाजिक कार्यमा निरन्तर रुपमा काम गर्दै आईरहकोछ । जस अनुरुप काम गर्ने शिलशिलामा बिभिन्न विषगत क्षेत्रमा काम गर्दै गर्दा वाल अधिकारका सवालमा पनि कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका बिभिन्न जिल्लाहरुमा काम गरेको राम्रो अनुभव रहेकोछ जुन कार्यहरु निम्न बमोजिम रहेकाछन्

**<u>तपशिल</u>**

- स्थानीय तहहरुसंगको समन्वयमा ब्यबसायमुलक तालिम साचालनमा सहजीकरण
- सहकारी संस्थाहरु अवस्था विश्लेषणमा सहजीकरण

## 2. योजनाको स्थलगत अनुगमन प्रतिबेदनको सारांश

## 3. सहभागीको उपस्थिति विवरण

## 4. कार्यक्रमसंग सम्बन्धित फोटोहरु





थली अधुरो नहर निर्माण योजनामा संचालन गरेको सामाजिक परिक्षण र संरचनाको स्थलगत अनुगमन





जनता मा.बि. मन्दिर निर्माण योजनामा संचालन गरेको सामाजिक परिक्षण र निर्माण गरेका संरचना





भगवती मा.बि. भवन छाना मर्मत योजनामा सामाजिक परिक्षण गरेको निर्माण गरेको संरचनाको दृश्य





भानु मा.बि. चित्रपुरमा निर्माण भएको भवनको स्थलगत अनुगमनका साथै सामाजिक परिक्षण






वडा कार्यालय बगैचा तथा ट्रस निर्माण योजनाको अनुगमन तथा सामाजिक परिक्षण





समैजी मन्दिर निर्माण योजनामा सामाजिक परिक्षण कार्यक्रम चुरे -१, चटकपुर